# त्रियुगा नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

(त्रियुगा नगर कार्यपालिकाको मिति २०७९/०९/२७ र

दशौं नगरसभा (मिति २०७९/०९/२९) बाट पारित)

त्रियुगा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

१ नं. प्रदेश

CamScanner

# विषय सूची

| | |
|---|---|
| १. पृष्ठभूमि | १ |
| २. विगतका व्यवस्था र प्रयासहरू | १ |
| ३. वर्तमान स्थिति | ३ |
| ४. समस्या तथा चुनौतीहरू | ४ |
| ५. नीतिको आवश्यकता | ४ |
| ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य | ५ |
| *६.१ दीर्घकालीन सोंच* | ५ |
| *६.२ दीर्घकालीन लक्ष्य* | ५ |
| *६.३ उद्देश्य* | ५ |
| ७ रणनीतिहरु | ५ |
| ८. नीति तथा कार्यनीतिहरु | ६ |
| ९. संस्थागत व्यवस्था | १४ |
| १०. नीतिको मूल्याङ्कन . | १६ |
| ११. सम्भावित जोखिम न्यूनीकरण योजना . | १६ |

CamScanner

# त्रियुगा नगरपालिकाको सामाजिक समावेशीकरण नीति, २०७९

त्रियुगा नगर कार्यपालिकाको मिति २०७९/०९/२७ र

दशौं नगरसभा (मिति २०७९/०९/२९) बाट पारित

## १. पृष्ठभूमि

नेपालको संविधानले समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने संकल्प गरेको छ। संविधानले दिशा निर्देश गरेबमोजिम समतामूलक समाजको निर्माण गर्न यस त्रियुगा नगरपालिका र यस अन्तर्गतका सबै क्षेत्रगत विषयहरूमा समेत सामाजिक समावेशीकरणको विषयलाई आन्तरिकीकरण, मूलप्रवाहीकरण र संस्थागत गर्न आवश्यक भएको छ । यसबाट सबै वर्ग, जात जाति, लिङ्ग र क्षेत्रलाई समावेशीकरणको मान्यता अनुरुप सहभागी गराई सामाजिक समावेशीकरणका सवालहरूलाई नीतिगत तथा कानूनीरूपमा थप व्यवस्थित गर्न मद्दत पुग्ने अपेक्षा गरिएको छ । मुलुकले संङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली अवलम्वन गरेको सन्दर्भमा सम्वद्ध विषय क्षेत्र र अन्तर्गत सञ्चालन हुने सबै योजना तथा कार्यक्रमहरूलाई समावेशीमैत्री बनाउन यो सामाजिक समावेशीकरण नीति जरुरी भएको छ।

यस सन्दर्भमा विभेदरहित, समृद्ध र न्यायपूर्ण समाजको स्थापनाका लागि सबै वर्ग, जात जाति, लिङ्ग तथा पिछडिएको क्षेत्रको समान सहभागिता, अग्रसरता र निर्णय प्रक्रियामा सहभागिताको भूमिकालाई सुनिश्चित गर्न आवश्यक देखिन्छ। सामाजिक समावेशीकरण मार्फत सबैले आत्म सम्मान बोध हुने वातावरण निर्माण गर्न सबै क्षेत्र तथा संरचनाहरूमा मूलप्रवाहीकरणको माध्यमबाट समावेशी शासन पद्धतिलाई संस्थागत गर्न यसका समग्र क्षेत्रलाई सम्बोधन गर्ने नीतिको आवश्यकता महशुस भएकाले प्रस्तुत सामाजिक समावेशीकरण नीति, २०७९' तर्जुमा गरी लागू गरिएको छ।

## २. विगतका व्यवस्था र प्रयासहरू

नेपालमा विगतदेखि नै महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएका समुदाय, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरू, सामाजिक, आर्थिक वा शैक्षिकरूपमा पछाडि परेका व्यक्ति तथा समुदाय लगायतलाई विकासको समग्र प्रक्रिया तथा प्रतिफलको हिस्सेदारीमा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका निमित्त स्रोत, साधन र सार्वजनिक सेवामा पहुँच बढाउन, राज्यको हरेक संरचना एवम् निर्णय प्रक्रिया तथा सोको कार्यान्वयनमा न्यायोचित प्रतिनिधित्व सुनिश्चित गर्न र लक्षित वर्गको उत्थान, विकास र

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

सशक्तिकरण लगायत सामाजिक सुरक्षाका लागि विभिन्न कार्यक्रमहरू संस्थागतरूपमा सञ्चालन भएका छन्। यी कार्यक्रमहरूबाट लक्षित वर्गको सशक्तिकरणमा उल्लेख्य योगदान पुगेको छ। दशौं योजना (२०५९-२०६४) मा लैङ्गिक समानता र सामाजिक समावेशीकरण अवधारणालाई अन्तर-सम्बन्धित विषय (Cross-cutting issues) का रूपमा स्थान दिईएको थियो। नेपालको अन्तरिम संविधान, २०६३ ले राज्यको अग्रगामी पुनःसंरचना गरी देशमा विद्यमान वर्गीय, जातीय, क्षेत्रीय तथा लैङ्गिक विभेदहरूलाई समाधान गर्न संकल्प गरे अनुरूप नेपालमा सामाजिक समावेशीकरणको विषयलाई प्रमुख बहसको रूपमा अङ्गीकार गरिएको थियो । आर्थिक वर्ष २०६४/०६५ देखि नेपाल सरकारका सबै मन्त्रालयबाट लैङ्गिक उत्तरदायी बजेट प्रणालीको अभ्यास हुँदै आएको छ । यस अनुरुप समावेशीकरण नीति तर्जुमा गर्ने कार्य र सामाजिक समावेशीकरण सम्बन्धी संरचनाहरू स्थापना गर्ने कार्यको थालनी पनि हुँदै आएको सन्दर्भमा लैङ्गिक समानता र सामाजिक समावेशीकरण सम्बन्धी नीति, २०६६ कार्यान्वयनमा रहेको छ । सामाजिक समावेशीकरणका विषयहरुलाई सम्बोधन गर्न स्थानीय सरकार (संचालन) ऐन, २०७४ लगायतका कानूनहरु र राष्ट्रिय लैङ्गिक समानता नीति, २०७७, प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका,२०७७ पनि तर्जुमा भई कार्यान्वयनमा आइसकेका छन् ।

नेपालको संविधानको प्रस्तावनामा वर्गीय, जातीय, क्षेत्रीय, भाषिक, धार्मिक, लैङ्गिक विभेद र सबै प्रकारका जातीय छुवाछुतको अन्त्य गरी आर्थिक समानता, समृद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका सम्बन्धमा स्पष्टरूपमा उल्लेख भएको छ । साथै समतामूलक समाजको निर्माण गर्न तथा सामाजिक समावेशीकरणलाई मूर्तरूप दिन विभिन्न मौलिक हकको प्रत्याभूति गर्नुका साथै मौलिक हक सम्वन्धी कानुनहरू सङ्घीय संसदबाट अनुमोदन भैसकेको अवस्था छ । स्थानीय तहका विभिन्न पदहरूमा समेत जातीय, लैङ्गिक लगायतको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । आफ्नो धर्म, संस्कृति, भाषाको संरक्षण र संवर्द्धनका लागि सचेतना तथा क्रियाशिलतामा अभिवृद्धि भएको तथा राज्यका विभिन्न अङ्ग तथा विषय क्षेत्रमा यस्ता पछाडि परेका समुदाय तथा क्षेत्रको प्रतिनिधित्व बढ्दै गएकाले समावेशीकरणको प्रक्रिया थप प्रभावकारी बन्दै गएको छ ।

विगत देखिनै समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रमको प्रभावकारीरूपमा तर्जुमा एवम् कार्यान्वयन गर्न स्थानीय निकाय लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा एवम् परीक्षण निर्देशिका, २०६८ र स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९ अनुसार तत्कालिन स्थानीय निकायको निःशर्त पूँजीगत बजेटको कम्तीमा १० प्रतिशत रकम आर्थिक तथा सामाजिकरूपमा पछाडि परेका विपन्न महिला, १० प्रतिशत बालबालिका र १५ प्रतिशत उपेक्षित वर्ग तथा समुदायका लागि छुट्याउनु पर्ने व्यवस्था गरिएको पाइन्छ । साथै तत्कालिन स्थानीय निकायहरूमा महिला, दलित, आदिवासी जनजाति, पिछडिएका समुदाय,

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

बादी, अपाङ्गता समन्वय सम्वन्धी संरचनाहरू गठन गरी ती समुदायलाई संस्थागतरूपमा शासकीय संरचनामा आवद्ध गर्ने प्रयास गरिएको र सामाजिक परिचालनमार्फत् आर्थिक तथा सामाजिकरूपमा पिछडिएका समुदायको आर्थिक-सामाजिक उत्थानका लागि विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने जस्ता महत्वपूर्ण प्रयासहरू भएको पाईन्छ।

पन्ध्रौ योजनामा सामाजिक विषय क्षेत्र अन्तर्गत महिला, विभिन्न लक्षित समुदाय, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, बालबालिका, किशोरकिशोरीहरू लगायतलाई विकासको मूलप्रवाहमा ल्याई समावेशी र समतामूलक राष्ट्रको निर्माण गर्ने विषय उल्लेख गरिएको छ। साथै, उक्त योजनाको अन्तरसम्बन्धित विषय अन्तर्गतको 'समावेशीकरण' विषय उपक्षेत्रमा समानुपातिक समावेशी विकास र पहुँचको सुनिश्चितता गर्न समावेशीकरण लक्षित सोंच, लक्ष्य, उद्देश्य, रणनीति तथा कार्यनीतिसमेत निश्चित गरी कार्यान्वयनमा लैजान जोड दिइएको छ ।योजनामा समावेशीकरणको विषय क्षेत्रगत लक्ष्यमा मानव विकास सूचकाङ्कको आधारमा पछाडि परेका समुदायहरूको सशक्तिकरण र समानुपातिक विकास गर्ने लक्ष्य लिइएको छ।

## ३. वर्तमान स्थिति

आर्थिक, सामाजिक, राजनैतिक र प्रशासनिक दृष्टिले पछाडि परेका विभिन्न लक्षित वर्गहरू (महिला, दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, पिछडावर्ग, सीमान्तकृत, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, किसान, श्रमिक, उत्पीडित वा पिछडिएको क्षेत्रका नागरिक तथा आर्थिकरूपले विपन्न खस आर्य) लाई नेपालको संविधानले समानुपातिक समावेशी सिद्धान्तको आधारमा राज्यको निकायमा सहभागी हुन पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरेको छ। नेपालको संविधानमा नै अन्य आयोगहरूको व्यवस्था गरी समावेशीकरणलाई थप व्यवस्थित, सुनिश्चित तथा प्रभावकारी बनाउने कार्यको मार्ग प्रशस्त गरिएको छ।

त्रियुगा नगरपालिकाको वस्तुगत विवरण २०७५ बमोजिम यस नगरपालिकामा २००५४ घरधुरी रहेको छ । कूल जनसंख्या १०४५२८ मा पुरुष ५२२९० र महिला ५०४३१ रहेको छ । जनसंख्या वृद्धिदर २ प्रतिशत रहेकोमा २०७८ को राष्ट्रिय जनगणनाको प्रारम्भिक प्रतिवेदन अनुसार २५९२८ घरधुरीमा कूल जनसंख्या १०४३७५ मा पुरुष ४९५१४ र महिला ५४८६१ रहेको छ साथै लैङ्गिक अनुपात ८८.९६ रहेको छ । नगरपालिकाको कुल जनसङ्ख्याको करिब १.७३ प्रतिशत जनसङ्ख्यामा कुनै एक वा बढी प्रकारको अपाङ्गता देखिएको छ।

साक्षारता दर ९० प्रतिशत छ जसमा महिलाको ८१ मात्र र पुरुषको ९५ रहेको छ । यस नगरपालिकाको जनसाँख्यिक विविधता हेर्दा ६३ जातजातिहरुको बसोबास रहेको छ जसमा सबैभन्दा बढी क्षेत्रीको २२.२४ प्रतिशत रहेको छ भने १ प्रतिशत भन्दा कम जनसंख्या हुने ५० विभिन्न जातजाति रहेकाछन् । भाषागत विविधता हेर्दा त्रियुगा नगरपालिकामा करिब ३४

भन्दा बढी मातृभाषाहरू रहेको देखिन्छ । धार्मिक रुपमा हेर्दा हिन्दु धर्म मात्रै जनसङ्ख्या अधिक भए तापनि यस बाहेक अन्य ५ भन्दा बढी धर्मावलम्बीहरू रहेको देखिन्छ। त्रियुगा नगरपालिका ५४७।४३ वर्ग कि.मि.क्षेत्रफलमा उत्तरमा सुनकोशी देखी दक्षिणमा चुरेपारी तराईसम्म फैलिएर ३ वटा वार्डहरु पहाडी भेगमा र १३ वटा वार्डहरु सम्मिलो भागमा अवस्थित रहेको छ ।यी आँकडाहरूले त्रियुगा नगरको समाजमा आर्थिक तथा सामाजिक, जातीय, क्षेत्रीय, लैङ्गिक र वर्गीय विविधता रहेको दर्शाउँदछन् ।यी विविधता भित्र पनि भौगोलिक, लैङ्गिक, जातीय र आयवर्गबीच गरिबीको असमानता र गहनताको अन्तर अझै उल्लेख्यरूपमा विद्यमान रहेको विभिन्न तथ्याङ्कबाट देखिन्छ।यसर्थ समावेशी विकासको मान्यतालाई आत्मसात् गरी यी असमानताहरूलाई सम्बोधन गर्न सबै क्षेत्र र अन्तर्गत निकायहरुलाई अझै बढी प्रभावकारीरूपमा परिचालन गर्न आवश्यक देखिएको छ ।

## ४. समस्या तथा चुनौतीहरू

समावेशी लोकतन्त्रलाई संस्थागत गर्न, सामाजिक न्याय कायम गर्न र सबै नागरिकको समतामूलक पहुँच स्थापित गर्न सामाजिक समावेशीकरण आवश्यक छ। यस सन्दर्भमा सामाजिक समावेशीकरणका मुख्य समस्याहरुमा सामाजिक समावेशीकरण सम्बन्धी एकीकृत नीति तर्जुमा नहुनु, स्रोत, साधन, अवसर र लाभको वितरणमा लक्षित वर्ग एवम् क्षेत्रको न्यायोचित पहुँच सुनिश्चित नहुनु, सामाजिक समावेशीकरणका लागि आवश्यक खण्डीकृत तथ्याङ्कको अभाव रहनु, पछाडि परेका वर्ग र समुदायलाई आर्थिक तथा सामाजिक रूपमा सशक्तिकरण गर्न नसक्नु, शासकीय प्रणालीमा सबै लिङ्ग, वर्ग र क्षेत्रका नागरिकहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित हुन नसक्नु, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन प्रणालीमा समावेशीकरण सम्बन्धी सूचकहरूलाई समावेश गर्न नसकिनु, विभिन्न लक्षित वर्ग, क्षेत्र र समुदायबीच आर्थिक तथा सामाजिक विकासमा उच्च अन्तर रहनु, विभिन्न लिङ्ग, वर्ग, क्षेत्र, समुदाय र जातजातिबीच हुने व्यवहारगत विभेद हट्न नसक्नु लगायत रहेका छन्।

त्यस्तै मुख्य चुनौतिहरुमा सामाजिक समावेशीकरणको अवधारणामा सरोकारवालाहरूबीच साझा दृष्टिकोण कायम गर्नु, नीति निर्माण र कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारी समन्वय गर्नु, स्रोत साधन, अवसर र लाभमा पछाडि परेका सबै वर्ग, क्षेत्र र जातजातिको समन्यायिक पहुँच सुनिश्चित गर्नु, पछाडि परेका वर्ग, क्षेत्र, उमेर, लिङ्ग र जातजातिमा व्याप्त गरिबी घटाउनु, विभिन्न समुदाय तथा वर्गबीच रहेको आर्थिक, सामाजिक तथा शैक्षिक विभेदको अन्तर कम गर्नु, संस्थागत संरचनामा लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्नु रहेका छन् ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

## ५. नीतिको आवश्यकता

सामाजिक समावेशीकरणमा देखिएका चुनौतीहरूको सामना एवम् समस्याको समाधान गर्न देहायका कारणले सामाजिक समावेशीकरण नीति आवश्यक रहेको छः

१. संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी शासन व्यवस्थाको प्रवर्द्धन गर्न,

२. समावेशीकरण सम्वन्धी नीतिगत एकरूपता र सामञ्जस्यता कायम गर्न,

३. नीति, योजना तथा कार्यक्रमहरूलाई मार्गदर्शन गर्न,

४. नीति, कानुन, संरचना, कार्यक्रम, योजना र आयोजनाको सबै चरणमा समावेशीकरणलाई मूलप्रवाहीकरण र आन्तरिकीकरण गर्न,

५. समावेशीकरण सम्बन्धी कानुनी व्यवस्थाको कार्यान्वयनमा सहयोग पुऱ्याउन,

६. राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा गरिएका समावेशीकरण सम्वन्धी प्रतिबद्धता अनुरूपको दायित्व पुरा गर्न,

७. लोकतन्त्रका लाभहरूलाई सबै नागरिकहरूबीच न्यायोचित वितरण व्यवस्था मार्फत सामाजिक न्याय स्थापना गर्न।

## ६. दीर्घकालीन सोंच, लक्ष्य तथा उद्देश्य

सामाजिक समावेशीकरण नीतिका दीर्घकालीन सोंच, लक्ष्य र उद्देश्यहरू निम्नानुसार रहने छन्:

### ६.१ दीर्घकालीन सोंच

सामाजिक समावेशी प्रणालीका माध्यमबाट समतामूलक र समृद्ध नगरको निर्माण।

### ६.२ दीर्घकालीन लक्ष्य

सामाजिक समावेशीकरणलाई सबै अवयवहरूमा मूलप्रवाहीकरण तथा आन्तरिकीकरण गर्दै यसको संस्थागत सुदृढीकरण गर्ने।

### ६.३ उद्देश्य

आर्थिक र सामाजिकरुपले पछाडि परेका समुदाय र व्यक्तिहरूको सशक्तिकरण र समतामूलक विकासको माध्यमबाट सबै विषय क्षेत्र तथा संरचनामा पहुँच सुनिश्चित गर्ने।

## ८ रणनीतिहरु

७.१ सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

७.२ नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।

७.३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने।

७.४ उपलब्ध स्रोतसाधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने।

७.५ सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको क्षमता अभिवृद्धि गर्ने।

## ८. नीति तथा कार्यनीतिहरु

**रणनीति १: सामाजिक समावेशीकरणको अवधारणालाई सबै विषय क्षेत्रमा संस्थागत गर्ने।**

८.१.१ नगरको आवश्यकता अनुकूल हुने गरी सामाजिक समावेशीकरण सम्बन्धी नीति, कानुन तथा कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

८.१.२ सामाजिक समावेशीकरणको अवधारणा अनुरूप क्षेत्रगत विषय तथा निकायको कानुन, नीति, योजना, रणनीति, कार्यविधि, मापदण्ड तर्जुमा तथा परिमार्जन गरिनेछ।

८.१.३ मौजूदा कानुनहरूलाई समय सापेक्षरूपमा समावेशीमैत्री बनाउन आवश्यकता अनुरूप पुनरावलोकन गरी परिमार्जन गरिनेछ।

८.१.४ समावेशी सम्बन्धी कानुन तथा कार्यविधि तर्जुमा तथा परिमार्जन गर्दा लक्षित समुदाय तथा सम्बद्ध सरोकारवालाहरूसँग परामर्श तथा समन्वय गरिनेछ।

८.१.५ नेपाल पक्ष भएका यससम्बन्धी अभिसन्धिहरू अनुरूपका दायित्वहरूलाई कार्यान्वयन गर्न कानुन तथा कार्यविधि परिमार्जन तथा तर्जुमा गरिनेछ।

८.१.६ आर्थिक, सामाजिक तथा भौगोलिकरूपले पछाडि परेका नागरिकहरूको सबै विषय क्षेत्रमा अर्थपूर्ण प्रतिनिधित्व सुनिश्चित गर्न मौजूदा कानुनहरूमा परिमार्जन गरिनेछ।

८.१.७ सामाजिक समावेशीकरणको अवधारणालाई स्थानीय गैह्र सरकारी संस्था र सरोकारवालाहरूको नीति तथा रणनीतिमा आत्मसात् गर्न पहल गरिनेछ।

८.१.८ सहकारी, सामुदायिक, गैह्रसरकारी र निजी क्षेत्र लगायत सबैको भूमिका र दायित्व स्पष्ट गरी परिचालन गर्न ती निकायबाट संचालित समावेशीकरण सम्बन्धी योजना तथा कार्यक्रमहरूलाई नगरको योजना प्रक्रियामा आवध्द गरिनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

बसन्त कुमार बस्नेत
नगर प्रमुख

८.१.९ टोल तथा बस्तीस्तरदेखि नै स्थानीय समस्याहरू पहिचान गरी लक्षित समूहमार्फत सहभागितामूलक समावेशी लक्षित कार्यक्रम तर्जुमा तथा कार्यान्वयन गर्ने प्रणालीलाई संस्थागत गरिनेछ।

८.१.१० समावेशीकरणका लागि विभिन्न निकाय वा सङ्घ संस्थाबाट सञ्चालित लक्षित कार्यक्रमहरूमा दोहोरोपना आउन नदिन समन्वय गरिनेछ।

८.१.११ सामाजिक समावेशीकरणको क्षेत्रमा भएको लगानी र सोको प्रतिफलको एकीकृत प्रतिवेदन प्रणाली स्थापना गरी मूल्याङ्कन गरिनेछ।

८.१.१२ समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम प्रभावकारीरूपमा कार्यान्वयन गर्न सबै संयन्त्रलाई परिचालन गरिनेछ।

८.१.१३ विद्यमान संरचनाहरूमा समावेशीकरण सम्बन्धी आवश्यक संरचनाहरूलाई समाहित गरी लक्षित कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अध्ययन, अनुसन्धान, अनुगमन, मूल्याङ्कन तथा समन्वयको कार्य गरिनेछ।

८.१.१४ सामाजिक समावेशीकरण सम्पर्क पदाधिकारी (Focal Person) तोक्ने व्यवस्था गरी जिम्मेवारी प्रदान गरी सूचना आदान प्रदान गर्ने पद्धति स्थापित गरिनेछ।

८.१.१५ जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिको संरक्षणका लागि सञ्चालनमा रहेको सुरक्षावासको प्रभावकारी उपयोग गर्दै यसको सेवा र संस्थागत क्षमता अभिवृद्धि गरिनेछ।

८.१.१६ पछाडि परेका लक्षित वर्ग तथा समुदायका नागरिकहरूको सहभागितामा लाभग्राही तथा उपभोक्ता समिति गठन गरी लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.१.१७ जोखिम तथा पारिवारिक हिंसामा परेका, महिला, बालबालिका, किशोर, किशोरी, अपाङ्ग, अनाथ, टुहुरा, सडक बालबालिका लगायत अभिभावकविहीन नागरिकको संरक्षण, पुनःस्थापन तथा क्षमता विकास गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्र समेतलाई परिचालन गरिनेछ।

८.१.१८ प्रत्येक वडा भित्रका पछाडि परेका नागरिकहरूको पहिचान गरी सामाजिक समावेशीकरणको मान्यता बमोजिम सशक्तिकरण गर्न टोल विकास, सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग समन्वय गरिनेछ।

८.१.१९ टोल विकास, सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरू र निजी क्षेत्रलाई विषय क्षेत्रगत ज्ञान तथा अनुभवका आधारमा लक्षित वर्गको बहुपक्षीय हितका लागि कार्यगर्न आवश्यक योजना तर्जुमा गरी कार्यक्रम कार्यान्वयन गर्न गराउन अभिप्रेरित गरिनेछ।

**मितिः २०७९/०९/२९**
**(दशौं नगर सभाबाट पारित)**



बसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

८.१.२० उत्पीडित तथा पिछडिएको क्षेत्रका नागरिकको संरक्षण, उत्थान, सशक्तिकरण, विकास र आधारभूत आवश्यकता परिपूर्तिका अवसर तथा लाभका लागि कार्यक्रम बनाई कार्यान्वयन गर्न सामुदायिक, सहकारी तथा गैह्रसरकारी संस्थाहरूलाई समेत परिलक्षित गरिनेछ।

८.१.२१ आवश्यकतामा आधारित भई समावेशी विकास प्रकृयामा योगदान पुऱ्याउन विकास साझेदार, सहकारी तथा गैह्रसरकारी संस्थाहरूसँग सहकार्य गरिनेछ । आवश्यकता र प्राथमिकताका क्षेत्रमा मात्र सामुदायिक तथा गैह्रसरकारी संङ्घ संस्थालाई परिचालन गरिनेछ।

८.१.२२ पछाडि परेका वर्ग तथा समुदायलाई लक्षित गरी सामाजिक समावेशीकरणको महत्व, आवश्यकता र अपरिहार्यताका सम्बन्धमा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.१.२३ प्रत्येक वडामा रहने टोल विकास संस्थाहरूको गठन प्रक्रियामा पछाडि परेका व्यक्ति तथा समुदायलाई समेट्ने गरी प्रतिनिधित्वको सुनिश्चितता गरिनेछ।

८.१.२४ टोल विकास संस्था, उपभोक्ता समिति, समूह परिचालन तथा स्थानीय सहकारी संस्थाहरूलगायतलाई क्षेत्रगत कार्यक्रमहरूमा पछाडि परेका व्यक्ति तथा समुदायको सहभागिता तथा संलग्नता वृद्धि गर्न समन्वयात्मकरूपमा परिचालन गरिनेछ।

८.१.२५ लक्षित वर्गको सहभागितामा यस्ता कार्यक्रमहरूको सार्वजनिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्ने कार्यलाई थप प्रभावकारी बनाइनेछ।

८.१.२६ सामाजिक समावेशीकरणका नीतिहरूको प्रभाव र परिणामका सम्बन्धमा आवधिकरूपमा तथ्यगत तथा वस्तुनिष्ठ समीक्षा गरिनेछ।

**रणनीति २: नीति निर्माण तथा निर्णय प्रक्रियामा पहुँच नभएका सिमान्तीकृत नागरिकहरूको अर्थपूर्ण सहभागिता अभिवृद्धि गर्ने।**

८.२.१ प्रत्येक वडामा मानव विकास सूचकाङ्क, वहुआयामिक गरिवी मापन लगायत अन्य आधारमा पछाडि परेका विभिन्न क्षेत्र, वर्ग र समुदायको पहिचान गरी वडागत अद्यावधिक खण्डीकृत तथ्याङ्क राखिनेछ । साथै वडागत खण्डीकृत तथ्याङ्कको आधारमा सबै वडाहरुको एकीकृत तथ्याङ्क डाटावेस तयार गरिनेछ ।

८.२.२ पछाडि परेका व्यक्ति तथा समुदायको आधारभूत खण्डीकृत तथ्याङ्क सङ्कलन, विश्लेषण, अभिलेखन, प्रतिवेदन तथा संप्रेषणका लागि वास्तविक समयमा आधारित सूचना

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

प्रणाली (Real Time Basis-On Line Information System) को डिजाइन तथा विकास गरी कार्यान्वयन गरिनेछ ।

८.२.३ सामाजिक समावेशीकरणको अवस्था तथा पछाडि परेकाहरूको तथ्याङ्क/सूचना प्राप्त हुने गरी विद्यमान प्रतिवेदन प्रणालीहरूमा समावेशी सूचकहरूको विकास गरी एकीकृत गरिनेछ।

८.२.४ नवीनतम् सूचना प्रविधिको उपयोग गरी वस्तुनिष्ठ र यथार्थपरक तथ्याङ्कका आधारमा दोहोरोपना नआउने गरी वडा र विषय क्षेत्रबाट लक्षित कार्यक्रमहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गरिनेछ ।

८.२.५ सूचना प्रविधिको अवलम्बन र उपयोग गर्न वडा र विषय क्षेत्रको क्षमता विकास र संस्थागत सुदृढीकरण गरिनेछ ।

८.२.६ समानुपातिक समावेशी सिद्धान्तबमोजिम लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न स्थानीय मौजुदा कानुनहरूमा पुनरावलोकन गरी भईरहेका कानुन परिमार्जन तथा आवश्यकता अनुरूप नयाँ कानुन तर्जुमा गरिनेछ ।

८.२.७ योजना प्रक्रियाका चरणहरू लगायत अवसर तथा लाभ वितरणमा लक्षित वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न आवश्यक कानून, कार्यविधि तथा मापदण्डको परिमार्जन तथा तर्जुमा गरिनेछ ।

८.२.८ लक्षित समुदायको प्रतिनिधित्व सुनिश्चित गर्न भइरहेका कार्यविधि तथा मापदण्डहरूको पुनरावलोकन गरी परिमार्जन गरिनेछ । साथै आवश्यकता अनुसार नयाँ कार्यविधि तथा मापदण्डहरूको तर्जुमा गरिनेछ ।

८.२.९ विभिन्न जाति, लिङ्ग एवम् क्षेत्रबीच आर्थिक, शैक्षिक तथा स्वास्थ्य क्षेत्रमा रहेका अन्तर कम गर्न लक्षित कार्यक्रम सञ्चालन गरिनेछ।

८.२.१० पछाडि परेका वर्गहरूको आधारभूत तथ्याङ्कका आधारमा आवश्यकता पहिचान गरी योजना छनौट तथा कार्यान्वयन गरिनेछ। साथै अति विपन्न वर्गका लागि निश्चित कार्यक्रम तथा बजेटको सुनिश्चितता गरिनेछ।

८.२.११ लक्षित समुदायहरूलाई योजनाको मूल्याङ्कन लगायत सोबाट सिर्जित लाभ लिन तथा अवसरहरूको उपयोग गर्न स्थानीय स्तरमा समूह परिचालन, पारदर्शिता र स्वमूल्याङ्कन विधिको अवलम्बन गरिनेछ।

८.२.१२ लक्षित वर्ग, क्षेत्र र समुदायलाई आर्थिक तथा सामाजिकरूपले सशक्तिकरण गर्न सकारात्मक विभेद लगायत दक्षता अभिवृद्धि तथा कार्यक्रम सञ्चालन गरिनेछ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



CamScanner

८.२.१३ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई उपलब्ध रोजगारीका अवसर उपयोग गर्न सक्षम तुल्याउन सीप विकास तालिम प्रदान गरिनेछ।

८.२.१४ लक्षित वर्गको क्षमता विकासका लागि नगरपालिका क्षेत्र भित्र क्रियाशील गैहसरकारी संस्था, नागरिक समाज र सञ्चार माध्यमलाई परिचालन गरिनेछ ।

**रणनीतिः३ पछाडि परेका वर्ग, क्षेत्र, लिङ्ग र समुदायलाई विकास प्रक्रिया र लाभ प्राप्तिमा न्यायोचित अवसर सुनिश्चित गर्ने ।**

८.३.१ विभिन्न लक्षित वर्ग र समुदायबीच सामाजिक क्षेत्रमा रहेको अन्तरलाई कम गर्न त्यस्ता वर्ग, क्षेत्र र समुदायको पहिचान गरी स्थानीय संरचना, स्रोत साधन, अवसर र लाभमा न्यायोचित पहुँचको व्यवस्था गरिनेछ ।

८.३.२ लक्षित समुदायका मानव विकास सूचकाङ्कका आधारमा विशेष कार्यक्रमहरू सञ्चालन गरी जीवनस्तरमा सुधार गरिनेछ ।

८.३.३ सीमान्तीकृत तथा पिछडिएका क्षेत्रका नागरिकहरूको आर्थिक तथा सामाजिक विकासका लागि लक्षित कार्यक्रमहरू सञ्चालन गरिनेछ।

८.३.४ समाजमा विद्यमान सबै प्रकारका भेदभावजन्य व्यवहार, छुवाछुत र कुरीतिको अन्त्यका लागि आवश्यक कानुनहरूको तर्जुमा गरिनेछ।

८.३.५ समाजमा विद्यमान नकारात्मक सामाजिक मूल्य मान्यता, कुरीति, छुवाछुत तथा भेदभावजन्य प्रचलन र व्यवहार विरूद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.३.६ सामाजिक आचरण र व्यवहार सम्वन्धी आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याईनेछ।

८.३.७ सामाजिक भेदभावजन्य कार्य विरुद्धका कानुनहरूको वडा तथा टोलस्तरमा प्रबोधीकरण गरी कानुनी व्यवस्थाको परिपालनामा जोड दिइनेछ।

८.३.८ बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वास अन्त्य गर्न गराउन सबै वडा कार्यालयहरुलाई सक्रिय गराइनेछ।

**रणनीति ४: उपलब्ध हुने स्रोत साधन तथा अवसरको प्राप्ति र उपयोग गर्न लक्षित समुदायको सशक्तिकरण गर्ने ।**

८.४.१ महिला तथा विपन्न वर्गलगायत पछाडि परेका समुदाय तथा व्यक्तिहरूका लागि सीप विकास तालिम, छात्रवृत्ति कर्जा, शिक्षा तथा रोजगारीमा प्राथमिकता दिइनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

८.४.२ आर्थिक तथा सामाजिकरूपले पछाडि परेका लक्षित वर्गलाई सीप विकास तालिम प्रदान गरी क्षमता अभिवृद्धि गरिनेछ।

८.४.३ असहाय अवस्थामा रहेका एकल महिलाहरूको पहिचान गरी उनीहरूको सीप, क्षमता र योग्यताका आधारमा रोजगारीमा प्राथमिकता दिई जीविकोपार्जन गर्न सघाउ पुऱ्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.४ जोखिममा परेका, सामाजिक र पारिवारिक बहिष्करणमा परेका तथा हिंसा पीडित महिलालाई पुनःस्थापना, संरक्षण र सशक्तिकरण गरी स्वावलम्बन गराउन आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.५ प्रजनन अवस्थाका सेवा सुविधाहरूको सुनिश्चतता गर्न, बालवालिकाहरूको सर्वोत्तम हित गर्न तथा बालबालिकाको पालनपोषण र परिवारको हेरचाहका काम र योगदानलाई आर्थिकरूपमा मूल्याङ्कन गर्न विषय क्षेत्रगत निकाय मार्फत आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.६ आर्थिक, सामाजिकरूपले पछाडि परेका लक्षित वर्गको आर्थिक विकासका लागि सहुलियतपूर्ण कर्जा प्रवाहका साथै सहकारी एवम् समूह वचत परिचालन मार्फत वित्तीय स्रोतमा पहुँच स्थापित गरिने छ।

८.४.७ लक्षित वर्गलाई बचत परिचालन कार्यमार्फत आर्थिकरूपले सबलीकरण गर्न वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.८ आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपले पिछडिएका वर्ग तथा नागरिकहरूलाई लक्षित गरी समुदायस्तरमा सहकारी व्यवसाय मार्फत् उनीहरूको जीवनस्तर अभिवृद्धि गर्ने कार्य गरिनेछ।

८.४.९ स्थानीयस्तरमा परम्परागत पेशाको आधुनिकीकरण र व्यवसायीकरण गरी आय आर्जनमा सहयोग गरिनेछ।

८.४.१० लक्षित वर्गमा रोजगारीका अवसर, लाभको न्यायोचित वितरण र समतामूलक पहुँचको सुनिश्चित गरी सामाजिक सुरक्षा प्रदान गर्न आवश्यक कार्यविधि तथा मापदण्ड तयार गरिनेछ।

८.४.११ गुरुकुल/आश्रम, वेद विद्याश्रम, गोन्पा (गुम्बा), मदरसा लगायतका धार्मिक शैक्षिक संस्थाहरूको संस्थागत क्षमता सुदृढीकरण गरिनेछ।

८.४.१२ स्थानीय लोपोन्मुख भाषा तथा लिपिहरूको खोज, अध्ययन, अनुसन्धान गरी अभिलेखन तथा संरक्षण गरिनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख

नगर प्रमुख

८.४.१३ गुठी, संग्रहालय, कला केन्द्र, सांस्कृतिक सम्पदाको जगेर्ना गरी परम्परागत ज्ञान, सीप, कला, संस्कृति, सामाजिक परम्परा र अनुभवलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१४ लोपोन्मुख, सीमान्तीकृत, अल्पसङ्ख्यक लगायत विपन्न वर्गको पहिचान गर्दै उनीहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकार सुनिश्चित गर्न तथा अवसर तथा लाभका लागि विशेष व्यवस्था गर्दै ती समुदाय तथा वर्गसँग सरोकार राख्ने विषयका निर्णयमा उनीहरूलाई सहभागी गराउन क्षमता विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१५ आदिवासी, जनजाति, दलित, मधेसी, थारु, मुस्लिम, पिछडावर्ग, अल्पसङ्ख्यक लगायतको मातृभाषा तथा संस्कृतिको संरक्षण एवम् प्रबर्द्धन गर्ने कार्यमा संलग्न विभिन्न निकायहरूको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गरिनेछ।

८.४.१६ आदिवासी जनजाति, दलित, मधेशी, थारु, मुस्लिम समुदाय, पिछडावर्ग, अल्पसङ्ख्यक, लोपोन्मुख जातजातिको लोपोन्मुख भाषा एवम् संस्कृतिलाई संरक्षण र प्रवर्द्धन गर्न आवश्यक अनुसन्धान, असल अभ्यास तथा सिकाईको अनुसरण एवम् सम्बन्धित वर्गको संलग्नता र त्यसप्रति जागरुकता ल्याउने कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.१७ स्थानीय भाषा तथा संस्कृतिको संरक्षण गर्न सम्बद्ध गैह्रसरकारी संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

८.४.१८ सामाजिक सुरक्षा र सामाजिक्क न्याय प्रदान गर्दा सबै लिङ्ग क्षेत्र र समुदाय भित्रका आर्थिकरूपले विपन्न वर्गलाई प्राथमिकता दिई कार्यक्रम सञ्चालन गरिनेछ ।

८.४.१९ वडा कार्यालयहरूमार्फत् जोखिम र पारिवारिक हिंसामा परेका व्यक्तिहरूको पहिचान गरी अभिलेखीकरण गर्ने कार्य गरिनेछ।

८.४.२० जोखिम र हिंसामा परेका व्यक्तिहरूलाई परिवार र समाजमा पुनर्स्थापना गर्न आवश्यक मनोसामाजिक परामर्श सेवा उपलब्ध गराइनेछ।

८.४.२१ अपाङ्गता भएका व्यक्ति, बालवालिका तथा लैङ्गिक संवेदनामैत्री भौतिक पूर्वाधार तथा संरचनाहरू निर्माण सम्वन्धी मापदण्ड तयार गरी कार्यान्वयन गर्ने गराइनेछ।

८.४.२२ लैङ्गिक संवेदनशील विषयहरूको पहिचान गरी सो अनुरूप कार्यस्थल वातावरणलाई अनुकूल तुल्याइनेछ।

८.४.२३ भौगोलिक विकटता र विपन्नताका कारण स्वास्थ्य तथा उपचार सेवा नपाई जीवन जोखिममा रहेका महिला तथा बालबालिकाहरूलाई तत्काल उद्धार गरी स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिनेछ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

८.४.२४ लैङ्गिक हिंसामा परेका व्यक्ति, संरक्षण गर्नुपर्ने बालबालिका तथा मानसिक समस्या भएका व्यक्ति लगायतको पहिचान गरी आवश्यक संरक्षण, पुनर्स्थापन र सशक्तिकरण गरिनेछ। साथै सञ्चालनमा रहेका पुनर्स्थापन केन्द्र तथा सेवा केन्द्रहरूको सुदृढीकरण गरिनेछ।

८.४.२५ अपाङ्गमैत्री, बालबालिकामैत्री तथा लैङ्गिकमैत्री भौतिक संरचना निर्माणको सुनिश्चितताका लागि सरोकारवालाहरूको क्षमता विकास गरिनेछ।

८.४.२६ पहिचान गरिएका लक्षित वर्ग लगायतलाई समावेशीकरणको अवधारणा समेतका विषयमा जानकारी दिन चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

८.४.२७ सामाजिक समावेशीकरण सम्बन्धी चेतनामूलक तथा प्रचार प्रसारमूलक श्रव्य दृश्य लगायतका सामाग्रीहरू निर्माण गरी उपयोग गरिनेछ।

८.४.२८ जनचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्न स्थानीय संचार माध्यम लगायत सहयोगी सङ्घ संस्थाहरूलाई समेत परिचालन गरिनेछ।

८.४.२९ सामाजिक समावेशीकरण सम्बन्धी नीतिको वडा तथा गाउँस्तरमा प्रबोधीकरण गरिनेछ।

८.४.३० समावेशीकरणका मान्यतालाई संस्थागत गर्न सबै वडाहरूमा सामाजिक समावेशीकरण नीतिको कार्यान्वयन ढाँचा तयार गरी सो अनुरूप लागू गर्न प्रेरित गरिनेछ।

**रणनीति ५: सामाजिक समावेशीकरण सम्बन्धी नीति तथा कार्यक्रम कार्यान्वयनमा सम्बद्ध सरोकारवालाहरूको संस्थागत क्षमता अभिवृद्धि गर्ने ।**

८.५.१ लक्षित कार्यक्रम सञ्चालन गर्न सम्बध्द निकाय तथा पदाधिकारीहरुको क्षमता विकास तथा संस्थागत सुदृढीकरण गरिनेछ।

८.५.२ लक्षित कार्यक्रमहरूको सञ्चालन गर्ने निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्न त्यस्ता निकायहरूको विषय कार्यक्षेत्रगत अनुभव समेतका आधारमा सूची तयार गरी स्रोत साधनको प्रक्षेपण गरिनेछ।

८.५.३ सबै वडाहरुमा समावेशीकरण सम्बन्धी एकीकृत सूचना व्यवस्थापन प्रणाली विकास गरी यस क्षेत्रसँग सम्बन्धित सूचनाहरू आदान प्रदान गरिनेछ।

८.५.४ वडा कार्यालयहरुबाट भएका असल अभ्यासहरूको पहिचान तथा दस्तावेजीकरण गरी प्रचार प्रसार गरिनेछ।

बसन्त कुमार बस्नेत
नगर प्रमुख

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

८.५.५ सामाजिक समावेशीकरणका लागि सञ्चालित कार्यक्रमहरूबाट प्राप्त अनुकरणीय सिकाइलाई अनुशरण गर्न विभिन्न वडा र विषय क्षेत्रबीच अनुभव आदान प्रदान गरिनेछ।

८.५.६ समावेशीकरणका लागि अन्तर्राष्ट्रिय सङ्घ संस्थासँग भएका अभिसन्धि र द्विपक्षीय तथा वहुपक्षीय प्रतिबद्धताहरूको कार्यान्वयनमा जोड दिइनेछ।

८.५.७ समावेशीकरणका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय असल अभ्यास तथा अनुभवहरूको आदान प्रदान गरी स्थानीय कार्यक्रम कार्यान्वयमा प्रभावकारिता ल्याइनेछ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



प्रसन्त कुमार बस्नेत
नगर प्रमुख

CamScanner

## ९. संस्थागत व्यवस्था

९.१ यस नीतिमा भएका प्रावधानलाई समावेशीकरणको अवधारणा अनुरुप प्रभावकारीरूपमा कार्यान्वयन गर्न देहाय बमोजिमको सामाजिक समावेशीकरण नीति निर्देशक समिति रहनेछ:

| | |
|---|---|
| नगरपालिकाका प्रमुख | - संयोजक |
| उपप्रमुख | - सदस्य |
| प्रमुख प्रशासकीय अधिकृत | - सदस्य |
| सामाजिक विकास समितिका संयोजक, | - सदस्य |
| कार्यपालिकाका सदस्यहरुमध्येबाट कम्तिमा २ जना महिला सहित संयोजकले तोकेका तीन जना | -सदस्य |
| सामुदायिक संङ्घ संस्थाहरूमध्येबाट समावेशी प्रतिनिधित्व हुने गरी संयोजकले तोकेका तीन जना | -सदस्य |
| सामाजिक विकास शाखाका प्रमुख | - सदस्य सचिव |

सामाजिक समावेशीकरण नीति निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम रहेको छ:

१. सामाजिक समावेशीकरण नीति पुनरावलोकन र परिमार्जनका लागि खाका तयार गर्ने गराउने ।

२. नीति कार्यान्वयनका लागि सम्बद्ध वडा तथा निकायबीच सहकार्य, सहजीकरण र समन्वय गर्ने गराउने।

३. सामाजिक समावेशीकरणसम्बन्धी बजेट तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्न आवश्यक समन्वय, सहकार्य तथा प्रोत्साहन एवम् सहयोग सम्बन्धी व्यवस्था गर्ने ।

४. सामाजिक समावेशीकरण सम्बन्धी कार्यको अनुगमन गर्ने गराउने ।

५. सामाजिक समावेशीकरण सहयोगी नीतिहरूसँग सामञ्जस्यता स्थापना गर्ने र आवश्यक सहयोग आदान प्रदान गर्ने ।

६. सामाजिक समावेशीकरण मूलप्रवाहीकरणका लागि संस्थागत प्रणाली, विधि एवम् प्रक्रियाहरू स्थापित गर्न सहयोग गर्ने ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

बसन्त कुमार बस्नेत
नगर प्रमुख



CamScanner

७. वडा कार्यालयहरुमा सामाजिक समावेशीकरणका दृष्टिकोणले कार्यक्रम तर्जुमा गर्न संस्थागत क्षमता विकासमा सहयोग गर्ने ।

८. योजना, कार्यक्रम तथा बजेट तर्जुमा एवम् अनुगमन तथा प्रतिवेदन प्रणलीमा सामाजिक समावेशीकरणको आबद्धता र मूलप्रवाहीकरणका लागि सहजीकरण गर्ने।

९. सरकारी तथा गैह्रसरकारी सङ्घ संस्था र नागरिक समाजमा सामाजिक समावेशीकरणलाई प्रभावकारीरुपमा कार्यान्वयन गर्न सहयोग पुऱ्याउने ।

१०. वडागत विकास कार्यक्रमको सामाजिक लेखाजोखा र परीक्षण गर्ने गराउने ।

११. अन्तर्राष्ट्रियरुपमा गरेका सामाजिक समावेशीकरणसँग सम्बन्धित प्रतिबद्धताहरु स्थानीयस्तरमा लागू एवम् कार्यान्वयन गर्न गराउन सहजीकरण, प्रोत्साहन र आवश्यक सहयोग पुऱ्याउने ।

१२.आर्थिक एवम् सामाजिकरूपमा पछाडि परेका वर्ग, जातजाति, लिङ्ग, क्षेत्र एवम् समुदायले प्रत्यक्ष फाइदा पाउने समावेशीकरणका कार्यक्रम वा आयोजनाका लागि आवश्यक बजेट विनियोजन भए नभएको अनुगमन गर्ने ।

१३.सामाजिक समावेशीकरण नीति कार्यान्वयन गर्ने क्रममा आउन सक्ने सम्भावित जोखिमहरूको आंकलन र जोखिम सम्बोधन गर्ने गराउने।

समितिको बैठक आवश्यकता अनुसार बस्नेछ। समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९.२ नीतिको कार्यान्वयन तथा अनुगमन सम्वन्धी व्यवस्थाः

निर्देशक समितिको निर्देशनमा सम्वन्धित शाखा एवं निकायबाट नीति कार्यान्वयनको आवश्यक व्यवस्था मिलाईनेछ। अनुगमन तथा सुपरीवेक्षण समितिबाट नीति कार्यान्वयनको नियमित अनुगमन गरी वार्षिक प्रतिवेदन पेश गरिनेछ।

१०. नीतिको मूल्याङ्कन

यस नीतिको कार्यान्वयनको प्रभावकारिता, उपयुक्तता र उपादेयताको मूल्याङ्कन गरी नीतिमा समसामयिक पुनरावलोकन तथा परिमार्जन एवम् सुधार गरिनेछ । सामान्यतया पाँच वर्षपछि यस नीतिको पुनरावलोकन गरिनेछ ।

मितिः २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)

बसन्त कुमार बस्नेत
नगर प्रमुख

## ११. सम्भावित जोखिम न्यूनीकरण योजना

उल्लिखित रणनीति तथा कार्यनीतिहरूको कार्यान्वयनमा आउन सक्ने सम्भाव्य जोखिमको निराकरणका लागि देहाय बमोजिमको उपायहरू अवलम्बन गरिनेछ:

(सम्बन्धित स्थानीय तहको जोखिमका प्रकृति र स्वरुप अलग अलग हुने भएकाले सो अनुरुप संभावित जोखिम, जोखिम न्यूनिकरणका उपायहरु र जिम्मेवार निकाय उल्लेख गर्नहुन ।}

नमूना ढाँचा

| क्र.सं. | सम्भावित जोखिम | जोखिम न्यूनीकरण गर्ने उपाय | जिम्मेवार निकाय |
|---|---|---|---|
| १. | सामाजिक समावेशीकरणको विषय वडाको कम प्राथमिकतामा पर्न सक्ने । | नीति, मार्गदर्शन एवं वार्षिक योजना तथा कार्यक्रमबाट प्राथमिकतामा राखे । | सम्बध्द शाखा एवं सम्बन्धित वडा कार्यालय तथा सहयोगी संघसंस्थाहरु । |
| २. | सामाजिक समावेशीकरणका लाभ र अवसरमा लक्षित वर्ग र समुदायको पहुँच कम हुन सक्ने । | लक्षित समुदायको पहिचान गर्ने सूचक निर्धारण र नक्साङ्कन गर्ने तथा लक्षित कार्यक्रम सञ्चालन गर्ने । | सम्बध्द शाखा एवं सम्बन्धित वडा कार्यालय तथा संघसंस्थाहरु । |
| ३. | नीति कार्यान्वयनमा संलग्न निकायहरूबीच प्रभावकारीरुपमा समन्वय नहुन सक्ने। | नीति निर्देशक समितिको नियमित वैठकको व्यवस्था गर्ने । | सम्बध्द शाखा |
| ४. | सामाजिक समावेशीकरण सम्बन्धी बुझाइमा विविधता हुन सक्ने । | सचेतनामूलक तथा क्षमता अभिबृध्दिका कार्यक्रम संचालन गर्ने । | सम्बध्द शाखा एवं सम्बन्धित वडा कार्यालय तथा संघसंस्थाहरु । |
| ५. | समावेशीकरण प्रबर्द्धन लक्षित कार्यक्रमहरूलाई नियमित योजना तथा कार्यक्रममा मूलप्रवाहीकरण नहुन सक्ने। | आवश्यक स्रोत आंकलन गरी व्यवस्थापन गर्न मार्ग निर्देशनद्वारा निर्देशित गर्ने । | सम्बध्द शाखा एवं सम्बन्धित वडा कार्यालय तथा संघसंस्थाहरु । |

मिति: २०७९/०९/२९
(दशौं नगर सभाबाट पारित)



बसन्त कुमार बस्नेत
नगर प्रमुख